नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

आज मिति २०७८/०१/१४ गते जिल्ला संकट व्यवस्थापन केन्द्र र सल्लाहाकार समितिको संयुक्त बैठक वसी देहायानुसारको प्रस्तावहरुमा छलफल गरी देहायानुसार निर्णय गरियो ।

**सल्लाहाकार समितिः-**

| | | |
|---|---|---|
| ➢ जि.स.स. प्रमुख | श्री लक्ष्मण खड्का | संयोजक |
| ➢ नगर प्रमुख भोजपुर नगरपालिक | श्री कैलाश कुमार आले | सदस्य |
| ➢ उपाध्यक्ष पौवादुङमा गाउँपालिका | श्री संझना राई | सदस्य |

**जिल्ला संकट व्यवस्थापन केन्द्र**

| | | |
|---|---|---|
| ➢ प्रमुख जिल्ला अधिकारी | श्री कृष्ण प्रसाद भण्डारी | संयोजक |
| ➢ जिल्ला समन्वय अधिकारी | श्री महम्मद शेरे मुस्तफा | सदस्य |
| ➢ प्रमुख सेनानी | श्री वसन्त बहादुर गौतम | सदस्य |
| ➢ प्र.ना.उ. | श्री कृष्ण कुमार चन्द | सदस्य |
| ➢ स.प्र.ना.उ. | श्री दिपकराज बराल | सदस्य |
| ➢ प्र.अ.अ. | श्री दयाकृष्ण पोखरेल | सदस्य |
| ➢ अस्पताल प्रमुख | डा. पवित्रा श्रेष्ठ | सदस्य |
| ➢ स.प्र.जि.अ. | श्री रामप्रसाद लुइटेल | सदस्य सचिव |

**आमन्त्रितः-**

| | | |
|---|---|---|
| ➢ अध्यक्ष | श्री प्रेम कुमार राई | हतुवागढी गाउँपालिका |
| ➢ अध्यक्ष | श्री किरण राई | पौवादुङमा गाउँपालिका |
| ➢ अध्यक्ष | श्री गजेन्द्र बहादुर कार्की | अरुण गाउँपालिका |
| ➢ ,, | अशोक राई | आमन्त्रित गाउँपा |
| ➢ | | |
| ➢ | | |
| ➢ सभापती | श्री नन्द मणी राई | नेपाली कांग्रेस |
| ➢ उपाध्यक्ष | श्री मकर खड्का | ने.क.प. एमाले |
| ➢ | | |
| ➢ प्रतिनिधि | श्री तिर्थ परिजुली | ने.क.पा. माओवादी केन्द्र |
| ➢ सचिव | श्री अनिल बस्नेत | ने.क.पा. माले |
| ➢ कार्यकारी सदस्य | श्री दिनेश राई | ज.स.पा. |
| ➢ सेनानी | श्री सन्तोष राउत | फष्ट रैफल गण, नेपाली सेना, भोजपुर |
| ➢ इकाइ प्रमुख | श्री रुद्र राई | शिक्षा विकास तथा समन्वय इकाइ |
| ➢ प्रमुख | श्री फणिन्द्र थापा | जिल्ला स्वास्थ्य कार्यालय, भोजपुर |
| ➢ डाक्टर | श्री अमितेशराज पाण्डे | भोजपुर अस्पताल |
| ➢ अध्यक्ष | श्री सुनिल राई | टेम्केमैयुङ गा.पा. ५ नं. वडा |
| ➢ सभापति | श्री तुलबहादुर सुव्वा | नेपाल रेडक्रस सोसाइटी शाखा, भोजपुर |
| ➢ अध्यक्ष | श्री ध्रुवलाल श्रेष्ठ | उद्योग वाणिज्य संघ, भोजपुर, |
| ➢ अध्यक्ष | श्री एक्सन राई | पत्रकार महासंघ शाखा भोजपुर |
| ➢ उपाध्यक्ष | श्री कर्ण मोक्तान | उद्योग वाणिज्य संघ, भोजपुर |
| ➢ सचिव | श्री अर्जुन बस्नेत | पत्रकार महासंघ शाखा भोजपुर |
| ➢ अध्यक्ष | श्री परशुराम तिवारी | नागरिक समाज |
| ➢ अध्यक्ष | श्री बलराम राई | गैर सरकारी संस्था महासंघ |
| ➢ प्रतिनिधि | श्री सुभास दाहाल | कोभिड ज्ञान केन्द्र |

प्रस्तावः-

१. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा स्वास्थ्यका न्यूनतम मापदण्ड पालना गर्ने/गराउने सम्बन्धमा,
२. हाट वजार सम्बन्धमा,
३. होल्डिङ सेन्टर तथा आइसोलेसन सेन्टरको व्यवस्थापन सम्बन्धमा,
४. एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा,
५. स्वास्थ्यकर्मी जुटाउने सम्बन्धमा,
६. व्यापार/व्यावसाय सञ्चालन सम्बन्धमा,
७. आवतजावत सम्बन्धमा।

निर्णयः-

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/१२/०८ गतेको प्रेस विज्ञप्ती र गृह मन्त्रालयको च.नं. २८६९ मिति २०७७/१२/०९ गतेको पत्रवाट निर्देशन भए बमोजिम पुनः कोभिड-१९ को संक्रमण फैलन सक्ने देखि पूर्व बैठकमा भएको निर्णयको समीक्षा गरियो। यसै बीचमा श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगरको च.नं. ८८४ मिति २०७८/११/१२ को पत्रसाथ प्राप्त भएको कोभिड-१९ को प्रभाव रोकथाम र नियन्त्रण सम्बन्धी कार्ययोजना २०७८ बैठकमा अवगत गरी छलफल गर्दा र यस केन्द्रको पूर्व निर्णयहरु समेतलाई समीक्षा गर्दै देहाय बमोजिम गर्ने/गराउने।

- कोभिड-१९ दोस्रो भेरियन्टलाई प्रभावकारी रुपमा रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारका निर्णयहरु, **CCMC**, गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयको मापदण्डहरुको परिपालना कडाईका साथ गर्ने गराउने,
- स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गर्ने गराउने,
- अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्किने, सभा, जुलुस, र्‍याली, भेला, जमघट, गोष्ठी, सेमिनार, सभा सम्मेलन, जात्रा, पर्व, साँस्कृतिक कार्यक्रम, दर्शकसहितको खेलकुद जस्ता भीडभाड हुने सवै कार्यहरु २०७८ बैशाख मसान्तसम्म नगर्ने,
- अनिवार्य रुपमा सामाजिक तथा भैतिक दुरी कायम गर्ने,
- प्रत्येक व्यक्तिले मास्क/सेनिटाइजरको अनिवार्य प्रयोग गर्ने, साबुन पानीले हात धुने,
- सवै शैक्षिक संस्थाहरु/डिपार्टमेन्ट स्टोर/पसल/उद्योग/कलकारखाना/निर्माण कार्यस्थल/होटल/चिया चमेना गृह/तालिम केन्द्र/वस स्टप/एयरपोर्ट/कारागार/जिल्ला स्थित सम्पूर्ण सरकारी/गैर सरकारी/निजी कार्यालयहरु/ संघसंस्थाहरुको प्रवेशद्वारमा अनिवार्य साबुनपानीले हात धुने/सेनिटाईज गर्ने प्रवन्ध गर्ने गराउने साथै मास्क प्रयोगकर्तालाई मात्र प्रवेश गराउने,
- कोभिड-१९ को नयाँ भेरियन्टवाट सुरक्षित रहन जिल्ला स्थित सवै स्थानीय तहहरुले आ-आफ्नो पालिका मातहत रहेका शिक्षण संस्थाहरु मिति २०७८ साल बैशाख मसान्तसम्मको लागि वन्द गर्ने,
- धार्मिक स्थलहरुमा स्वास्थ्य सुरक्षा मापदण्डहरु पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना बाहेक जिल्ला स्थित विभिन्न स्थानमा रहेका धार्मिक स्थलहरु, खेलकुद, पुराण,पन्चवली, देवाली जस्ता मानिसहरुको जमघट हुने कार्यक्रमहरु २०७८ बैशाख मसान्तसम्मको लागि बन्द गर्ने,
- मेला महोत्सव, विवाह, न्वारान, पास्नी, बर्तबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक पराम्परागत धार्मिक तथा साँस्कृतिक कार्यहरु गर्दा १५ जना भन्दा बढी नहुने गरी स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने,
- सार्वजनिक यातायात सञ्चालन गर्दा देहाय बमोजिम गर्ने,
  - ❖ सवारीसाधनमासिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
  - ❖ सवै यात्रुलाई मास्क अनिवार्य गर्ने,
  - ❖ सवारी साधनमा चढ्ने यात्रुहरुका लागि अनिवार्य रुपमा सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
  - ❖ चालक तथा सह-चालकले मास्क र भाइजर लगाउनु पर्ने,

- ❖ सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने,
- ❖ सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सह-चालकले वढीमा १० रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,
- ❖ मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश निषेध गर्ने,
- ❖ लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण प्रहरी मार्फत जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC)लाई उपलब्ध गराउने,

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

- प्रस्तुत विषयहरुमा जानकारी दिन जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्ने, जिल्ला प्रहरी कार्यालयले जनचेतनामुलक जिङगल बनाई माइकिङ गर्ने र स्थानीय रेडियो एफएम हरुले सूचना तथा समाचार संप्रेषण गर्ने। सूचनाको कार्यान्वयन भए नभएको विषयमा जिल्ला प्रशासन कार्यालयले अनुगमन गर्ने र उल्लेखित सूचनाको बर्खिलाप गरेको पाइएमा संक्रमक रोग (नियन्त्रण) ऐन २०२० बमोजिम कारवाही गर्ने,

२. जिल्ला सदरमुकाम सहित जिल्लाका विभिन्न स्थानमा लाग्दै गरेका हटियाहरुलाई अर्को व्यवस्था नहुन्जेलसम्म वन्द गर्ने।

३. कोभिड-१९ संक्रमणको संभावनालाई मध्यनजर गरी पहिले संचालनमा आएको अरुण गाउँपालिकामा रहेको होल्डिङ सेन्टर र भोजपुर नगरपालिका स्थित देउरालीमा रहेको शैक्षिक तालिम केन्द्रमा रहेको आइसोलेसन केन्द्रको निरीक्षण गरी तयारी अवस्थामा राख्न होल्डिङ सेन्टर व्यवस्थापन समितिलाई र सवै पालिकाहरुमा रहेका क्वारेन्टिन र आइसोलेसन केन्द्रलाई तयारी अवस्थामा राख्न सवै पालिकाहरुलाई अनुरोध गर्ने,

४. जिल्ला स्थित सवै स्थानीय तहहरुले कोरोना संक्रमितको उपचार प्रयोजनका लागि कम्तिमा १/१ एम्बुलेन्स/सवारी साधनलाई पार्टेशन गरी तयारी अवस्थामा राख्न पालिकाहरुलाई अनुरोध गर्ने।

५. कोभिड-१९ महामारी रोकंथाम, नियन्त्रण र उपचारको सन्दर्भमा हरेक पालिकाले कम्तिमा २/२ जना स्वस्थ्यकर्मीहरुलाई भोजपुर अस्पतालमा श्रावण मसान्तसम्मको लागि तत्काल खटाउने। खटिएका स्वस्थ्यकर्मीहरुलाई जिल्ला अस्पतालले कोभिड-१९ को उपचार सम्बन्धी कम्तिमा १५ दिने तालिम प्रदान गर्ने।

६. जिल्ला स्थित प्रत्येक व्यपार/व्यवसाय सञ्चालन गर्ने सञ्चालकले आफ्नो व्यापार व्यवसाय स्थल अगाडी कम्तिमा १/१ मिटरको दुरी अन्तरमा गोलो घेरा बनाई पालैपालो मालसामान विक्रिवितरण गर्ने व्यवस्था मिलाउने। अनिवार्य साबुनपानीले हात धुने/सेनिटाईज गर्ने प्रवन्ध गर्ने गराउने साथै विक्रिकर्ता र खरिदकर्ता दुवैले मास्क लगाउने, मास्क प्रयोगकर्तालाई मात्र प्रवेश गराउने/मास्क प्रयोग नगर्ने जो सुकैलाई आफ्नो व्यवसायमा प्रवेश निषेध गर्ने।

७. अन्य जिल्लावाट यस जिल्लामा र यस जिल्लावाट अन्यत्र जान चाहने मानिसहरुले आफ्नो गन्तव्य स्थानमा जान चाहेमा आजको मितिवाट ७ दिन भित्र गन्तव्यमा पुगी सक्नुपर्ने व्यहोरा उल्लेखित सूचना प्रकाशित गर्ने।